# लालझाडी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
शंकरपुर, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. : २०७७/०७८ ( स्वास्थ्य )
च.नं. :

मितिः २०७८/०१/१२

**कोभिड-१९ रोकथाम तथा नियन्त्रणका लागि लालझाडी गाउँपालिकाद्धारा जारी सूचना**

उपरोक्त सम्बन्धमा यहि मिति २०७८ बैशाख १२ गतेका दिन लालझाडी गाउँपालिका स्तरिय विपद् व्यवस्थापन पुर्व तयारी तथा प्रतिकार्य समन्वय समितिको बैठकको सिफारिस वमोजिम कोभिड-१९ रोकथाम तथा नियन्त्रण सम्बन्धी लालझाडी गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०७८/०१/१२ गते देहाय वमोजिम निर्णय भएकाले सम्बन्धित सवैको जानकारीका लागि यो सूचना प्रकासित गरिएको छ।

१- लालझाडी गाउँपालिका वडा नं. १ का सम्पुर्ण टोल बस्तीमा आवत- जावत भीडभाड गर्न प्रतिवन्ध गरि यहि २०७८ बैसाख २५ गते सम्मका लागि सवै टोल वस्ती सिल गर्ने,

२- यस लालझाडी गाउँपालिका अन्तरगतका सम्पुर्ण संस्थागत र सामुदयिक विधालयहरूको पठन-पाठन कार्य यहि २०७८/०१/२४ गते सम्मका लागि बन्द गर्ने र विधालयको प्रशासनिक कार्यलाई सामाजिक सुरक्षाका मापदण्डको पुर्ण पालना गरि नियमित सञ्चालन गर्ने,

३- यस लालझाडी गाउँपालिका लगायत मातहतका निकाय/ कार्यालयमा सुरक्षाका मापदण्डको पुर्ण पालना गरि गराइ सेवा प्रदान गर्ने,

४- यस लालझाडी गाउँपालिका अन्तरगतका खाध्यन्न पसल लगायत अति आवश्यकीय पसल बाहेक चिया चमेना घर, रेष्टुरेन्ट, र बढी भीडभाड हुने स्थानहरू यहि २०७८/०१/३० गते सम्म बन्द गर्ने साथै अति आवश्यकीय सेवाका लागि स्वास्थ्य सुरक्षाका मापदण्डको पुर्ण पालना गर्न लगाई सेवा प्रवाह गर्ने,

५- आइसोलेसन केन्द्रमा बस्ने कोभिड संक्रमित व्यक्तिले खाना तथा ओढ्ने, ओछ्याउनेको व्यवस्था स्वयंको घर परिवारबाट गर्न लगाउने साथै सो का लागि निम्न स्थान छनौट गर्नेः –

क) वडा नं. १ स्थित श्री नवोदय आ. वि. डाँडाविचवा,

ख) वडा नं. २ स्थित श्री भानु मा. वि. शंकरपुर ,

ग) वडा नं. ३ स्थित श्री सरस्वती मा. वि. छोटी पर्सिया,

घ) वडा नं. ४ स्थित श्री बैजनाथ मा. वि. सिकलपट्टी,

२०७८/०१/१२

महेन्द्र सिंह धामी
प्रमुख प्रशासकिय अधिकृत

# लालझाडी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
शंकरपुर, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. : २०७७/०७८ ( स्वास्थ्य )
च.नं. :

ङ) वडा नं. ४ स्थित श्री बैजनाथ वहुभाषी आ.वि. डाँडाजाई,

च) वडा नं. ५ स्थित श्री राष्ट्रिय वहुभाषी आ. वि. देखतभूली,

छ) वडा नं. ६ स्थित श्री रामेश्वर मा. वि. चान्देव,

६- कोभिड-१९ रोकथाम / नियन्त्रणका उपायबारे सवै वडा कार्यालयहरूले आ-आफनो कार्यक्षेत्र भित्र व्यापक प्रचार-प्रशार गर्ने,

७- यस लालझाडी गाउँपालिका भित्र भारतबाट भित्रिने सबै व्यक्तिहरूले अनिवार्य कोभिड-१९ परीक्षण गरि आइसोलेसन तथा एकान्तवासमा कम्तीमा १४ दिन बस्ने र सोको विवरण सम्बन्धित वडा कार्यालयले तयार गरि गाउँ पालिकामा पेस गर्ने,

८- यस लालझाडी गाउँपालिकाबाट सीमा नाकाका भारतीय बजार क्षेत्रमा गरिने व्यापारिक गतिविधी र भारतीय व्यक्तिको लालझाडी गाउँपालिका प्रवेसमा पुर्ण रूपमा प्रतिवन्ध लगाउने र सो को उल्लंघन गरेको पाइए नजिकको सुरक्षा निकाय वा जिल्ला प्रशासन कार्यालय कञ्चनपुरमा जानकारी गराउने,

९- कोभिड-१९ रोकथाम तथा नियन्त्रणका लागि कोभिड-१९ को संक्रमणबाट आफू बचि, अरूलाई पनि बचाउने कार्यमा सम्पूर्ण लालझाडी गाउँबासीहरूमा आ-आफ्नो क्षेत्रबाट सजक नागरिकको जिम्मेवारी निर्वाह गर्न अनुरोध गर्ने,

१०- हाल सम्म कोभिड रोगको सफल उपचार नरहेकाले यस रोगबाट बच्नु र बचाउनका लागि सम्पुर्ण सचेत नागरिकमा हार्दिक अपील गर्ने ।

२०७८/०१/१२

महेन्द्र सिंह रावल
प्रमुख प्रशासकिय अधिकृत